हनुमाननगर कंकालिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हनुमाननगर, सप्तरी
मधेश प्रदेश, नेपाल

## आन्तरिक आय संकलन कार्य ठेक्कामा दिने सम्वन्धमा

## सिलवन्दी दरभाउ पत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/०७/१७)

यस कार्यालयद्वारा आ.व. २०८२/८३ देखि आ.व. २०८४/०८५ को लागि तपसिलमा उल्लिखित आन्तरिक आय संकलनको कार्य ठेक्काद्वारा बन्दोबस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संघसंस्थाहरुले यस सम्वन्धमा विस्तृत रुपमा प्रकाशन गरिएको सूचनामा उल्लेखित नियम तथा शर्तको अधिनमा रही छुट्टाछुट्टै दरभाउ पत्र यो सूचना प्रकाशित मितिले तोकिएको मितिभित्र खरिद गरी अलग-अलग सिलवन्दी दरभाउ पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

## शर्तहरु

१ यस कार्यालयबाट प्रकाशित सूचना अनुसार तपसिल बमोजिम ठेक्काहरुको लागि छुट्टाछुट्टै तोकिए बमोजिमको दरभाउ पत्र फाराम दस्तुररु. १०००/- एक हजार मात्र (पछि फिर्ता नहुने गरी) बुझाई सूचना प्रकाशित मितिले १५ औं (मिति २०८२।०८।०१ गते सम्म) दिनभित्र दरभाउ पत्र खरिद गरी १६ औं दिनको १२:०० वजेभित्र अलग-अलग सिलवन्दी दरभाउपत्र कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।

२ शिलवन्दी दरभाउ पत्र पेश गर्दा व्यक्ति भए नागरिकता प्रतिलिपी र फर्म वा कम्पनी भए ईजाजत पत्रको प्रतिलिपी, आन्तरिक राजश्व कार्यलयबाट प्राप्त पान वा भ्याट नम्वरको प्रतिलिपी, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र प्रतिलिपी, न.पा. बाट जारी भएको भए व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी र नेपाली नागरिक भए कवोल अंकको ५ प्रतिशत धरौटी रकम नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक, हनुमाननगर शाखा धरौटी खाता नं. २२३०१००३०३००००२ मा जम्मा गरी सक्कलै भौचर शिलबन्दी दरभाउ पत्रमा संलग्न गर्नु पर्नेछ ।

३ दर्ता भएका सिलवन्दी दरभाउ पत्रहरु दरभाउ पत्र खोल्ने दिनको दिउँसो ४:०० वजे यस कार्यालयमा खोलिनेछ। दरभाउ पत्र खोल्दा ठेकेदार वा निजको आधिकारीक प्रतिनिधि उपस्थित हुनु पर्नेछ। ठेकेदार वा प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न वाधा पर्ने छैन।

४ दरभाउ पत्र फाराम खरिद गर्ने,दर्ता गर्ने र दरभाउ पत्र खोल्ने दिनमा विदा पर्न गएमा त्यसको भोलिपल्ट सोही समयमा खरिद,दर्ता र खोल्ने कार्य हुनेछ।

५ कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

६ दरभाउ पत्र स्वीकृत पश्चात सम्झौताकै वखत कवोल रकम एकमुष्ठ वुझाएमा १०% छुट दिइनेछ।कवोल रकम किस्तामा बझाउनका लागि सम्झौताकै वखत प्रथम किस्ता कवोल अंकको ५०% , दोश्रो किस्ता दोश्रो वर्षको पौष मसान्त भित्र ३०% र अन्तिम किस्ता तेश्रो वर्षको चैत्र मसान्त भित्रमा वुझाई सक्नु पर्नेछ ।

७ चलान पुर्जी अगावै दोश्रो र तेश्रो किस्ता वापतको वाँकी रकम वरावर धरौटी स्वरुप वैंक ग्यारेण्टी वा जग्गा धितो जमानत राख्नु पर्नेछ ।

८ बाढी लगायतका प्राकृतिक विपद तथा संकट सिर्जना भई सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति ,कम्पनी र फर्मले छुट माँग गरेमा कुनै किसीमका छुट दिईने छैन ।

९ म्याद नाघी आएको,शर्त राखिएको वा रित नपुगेको दरभाउ पत्रलाई मान्यता दिईने छैन।

१० ठेक्का अवधिभर ठेक्का संचालन गर्दा यस नगरपालिकालाई कुनै किसिमको हानी नोक्सानी पुऱ्याएमा सोको हर्जना समेत ठेकेदारबाट असुल गरिनेछ।

११ सूचनामा उल्लेखित पोखरीहरुको ठेक्का स्वीकृत पश्चात पोखरीहरु जे जुन अवस्थामा छ सोही अवस्थामा लिनु पर्नेछ। पोखरीको स्वरुप,आकार प्रकारमा कुनै प्रकारको फेर वदल गर्न पाईने छैन र सम्झौता अवधी समाप्त भएपछि पोखरी सफा र व्यवस्थित गरी नगरपालिकालाई हस्तान्तरण गर्नु पर्नेछ ।

१२ दरभाउ पत्र स्वीकृत भएको जानकारी पाएको ७ औं दिनभित्र तोकिएको अंक बराबरको रकम सहित कबुलियत गर्न वा पट्टा पुर्जी लिन नआएमा दरभाउ पत्र पेश गर्दा राखेको धरौटी जफत गरी अन्य व्यवस्था गरिनेछ।

Scanned with CamScanner
CamScanner
CamScanner

१३ नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा न.पा.को पेश्की बाँकी वा जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन । कुनै कारणवश ठेक्का स्वीकृत भएतापनि उल्लेखीत विवरण जानकारी हुन आएमा ठेक्का बदर गरी धरौटी रकम समेत जफत गरिनेछ ।

१४ ठेक्का सम्बन्धमा कुनै किसिमको विवाद परेमा र दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सन्दर्भमा कार्यालयको निर्णय अन्तिम निर्णय हुनेछ।

१५ यो सूचनामा उल्लखित विषयहरुको हकमा यसै सूचना बमोजिम र बाँकी अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानुन र हनुमाननगर कंकालिनी नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

१६ थप जानकारीका लागि कार्यालयको राजश्व शाखा ९८६९२६६०७२ मा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

<u>ठेक्का सम्बन्धी विवरण</u>

| ठेक्का नं. | नाम | न्युनतम ठेक्का कबोल अंक | वडा नं. |
|---|---|---|---|
| ०१/०८२/०८३ | कोरयानिको राम जानकि पोखरी | १,५०,०००।- | ५ |
| ०२/०८२/०८३ | जोगिनियाको सतरा पोखरी | ७५,०००।- | ५ |
| ०३/०८२/०८३ | पटवारी पोखरी | ३,००,०००।- | ६ |
| ०४/०८२/०८३ | अण्डिपट्टि पोखरी | १,२०,०००।- | ६ |
| ०५/०८२/०८३ | डिठा पोखरी | १,५६,२००।- | ६ |
| ०६/०८२/०८३ | बौजनाथ पोखरी | १,४९,६००।- | ६ |
| ०७/०८२/०८३ | खडगा पोखरी | ३,९३,२५०।- | ८ |
| ०८/०८२/०८३ | महासेठ पोखरी | १,००,०००।- | ९ |
| ०९/०८२/०८३ | पुरानो पोखरी | ४,९६,१००।- | १० |
| १०/०८२/०८३ | महेन्द्र घर अगाडीको पोखरी | २,२१,१००।- | ११ |
| ११/०८२/०८३ | देता पोखरी | ४,४१,१००।- | १२ |
| १२/०८२/०८३ | धोबियाही पोखरी | १,९८,०००।- | १४ |
| १३/०८२/०८३ | छुतहरु पोखरी | १,५०,०००।- | १४ |
| १४/०८२/०८३ | महिम साह पोखरी | ७५,०००।- | १४ |
| १५/०८२/०८३ | भुतहि पोखरी | १,२०,०००।- | १४ |

Scanned with CamScanner
CamScanner
CamScanner